जिल्ला प्रशासन कार्यालय मकवानपुर दर्ता नं. ११९/२०६९/०७० मकवानपुर जि. हुलाक कार्यालय दर्ता नं ०५/२०७६/०७७

www.saheekhabar.com

सहीखबर

साप्ताहिक

वर्ष- १३, अङ्क- २६, २०८१ माघ २४ गते विहीबार, 6 Feb. 2025, नेपाल सम्वत्-११४५ पृष्ठ-६, मूल्य रु. ५/-

गौरीटारको फुटबल रंगशाला निर्माण अन्तिम चरणमा





○सम्झना घिमिरे

मकवानपुर । हेटौंडा६ स्थित गौरिटारको फुटबल रंगशाला निर्माणको काम अन्तिम चरणमा पुगेको छ । बागमती प्रदेश सरकारको लगानीमा निर्माण भइरहेको उक्त रंगशालाको काम अन्तिम चरणमा पुगेको हो ।

रंगशाला परिसरमा करिब १८ करोड लागतमा फुटबल र गशाला निर्माण गरिएको प्रदेश खेलकुद परिषद्ले जनाएको छ । सामाजिक विकास कार्यालय मकवानपुरमार्फत् निर्माण भइरहेको फुटबल रंगशालाको निर्माण कार्य अन्तिम चरणमा पुगेको र केही दिनभित्रै प्रदेश खेलकुद विकास परिषद्लाई हस्तान्तरण गर्ने तयारी भइरहेको परिषद्का सदस्य सचिव दीपक लामाले जानकारी दिए ।

उनका अनुसार सोही क्षेत्रमा निर्माणाधिन अन्तर्राष्ट्रिय मापदण्डको क्रिकेट रंगशाला र नेपालकै ठूलो पौडी पोखरी निर्माणको काम करिब ८० प्रतिशत सम्पन्न भइसकेको छ । ३० असार २०८२ मित्र क्रिकेट रंगशाला र पौडी पोखरी निर्माणको काम सम्पन्न हुने उनले बताए ।

क्रिकेट रंगशालामा पहिलो चरणमा ६५० दर्शक क्षमताको प्याराफिटसहित १ वटा पिच, ७० मिटर रेडिएशनको ग्राउण्ड मीआइपी कक्ष, खेलाडी कक्ष, चेन्जिङ रूम, टिमी र रेडियो ब्रोडकास्टिङ कक्ष, मिडिया कक्ष, अपाङ्गमैत्री क्षेत्र, पार्किङ लगायतका संरचना निर्माण हुँदैछ ।

त्यस्तै अन्तर्राष्ट्रियस्तरको पौडी प्रतियोगिता संचालन गर्न मिल्ने गरी नेपालकै ठूलो पौडी पोखरी र खेलाडीहरूका लागि अभ्यास गर्न सानो पौडी पोखरी तथा प्याराफिटलगायतका संरचना निर्माण गरिँदैछ । यसैबीच मंगलबार प्रदेशका युवा तथा खेलकुदमन्त्री मीनकृष्ण महर्जनले उक्त रंगशालामा निर्माणाधिन खेलकुद पूर्वाधार को स्थलगत निरीक्षण समेत गरेका छन् । मन्त्री महर्जनले र गशालाको पूर्वाधार निर्माणको प्रगति विवरणबारे जानकारी लिएका थिए । निरीक्षणका क्रममा मन्त्रालयका सचिव केशवराज सुवेदी र प्रदेश खेलकुद विकास परिषद्का इन्जिनियर निवेश बर्तौलाले ब्रिफिङ गरेका थिए । निरीक्षणका क्रममा मन्त्री महर्जनले सम्बन्धित कार्यालय र निर्माण व्यवसायी कम्पनीलाई निर्माण कार्य तोकिएको मितिभित्रै सम्पन्न गर्न निर्देशन दिँदै निर्माणको क्रममा त्यसको गुणस्तरलाई विशेष ध्यान दिन आग्रह गरे । प्रदेश सरकारले खेलकुद क्षेत्रको विकासका लागि गुणस्तरीय खेलकुदका संरचना निर्माण गर्नुका साथै खेलाडी प्रोत्साहनमा समेत काम गर्ने लक्ष्य लिएको उनले बताए ।



बागमती प्रदेश सभामा

५ विधेयक पेश

मकवानपुर । बागमती प्रदेश सभाको हिउँदे अधिवेशन अन्तरगत बुधबारको बैठकमा ५ वटा विधेयक पेश भएको छ ।

संशोधनका लागि दर्ता भएको ४ र प्रदेश प्रमुखबाट फिर्ता भएको एक विधेयक प्रदेश सभामा पेश भएको हो ।

बैठकमा स्वास्थ्य मन्त्री किरण थापाले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक पेश गरे ।

यसैगरी युवा तथा खेलकुद मन्त्री मीनकृष्ण महर्जनले प्रदेश खेलकुद ऐन संशोधन विधेयक पेश गरेका छन् ।

त्यस्तै बैठकमा उद्योग वाणिज्य भुमि तथा प्रशासन मन्त्री सुकुमाया तामाङले प्रदेश औद्योगिक व्यवसाय ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक र प्रादेशिक व्यापार तथा व्यवसायी सम्बन्धी ऐन २०७६ लाई संशोधन गर्न बनेको विधेयक पेश गरेकी छिन् ।

प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले प्रदेश सभामा फिर्ता पठाएको प्रदेश कृषि विकास विधेयक सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पुन: विचारका लागि कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकाश श्रेष्ठले प्रदेश प्रमुख देवकोटाले औल्याएका कमजोरी र सुझावको प्रतिवेदन सहित संसदमा पेश गरेका हुन् ।

प्रदेश सभामा पेश गरिएका उक्त विधेयकहरू माथि विचार गरियोस भनी गरिएको प्रस्ताव सर्वसम्मत रूपमा स्वीकृत भएको छ। ती विधेयकहरू माथिको दफाबार छलफल पछि पारित हुनेछ ।

सो विधेयकहरू प्रदेशसभाको हिउँदे अधिवेशनमा पारित गर्ने तयारी रहेको बताइएको । प्रदेश सभाको अर्को बैठक २४ माघ बिहीबार १ बजे बस्ने गरी सभामुख सानु कुमार पाठकले आजको बैठक स्थगित गरे ।

१४ नम्बर वडा भोली बालमैत्री घोषणा हुँदै



मकवानपुर। मकवानपुरको हेटौंडा १४ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिने भएको छ । बुधबार वडाले पत्रकार भेटघाट गर्दै वडालाई भोली २५ माघमा बालमैत्री वडा घोषणा गरिने जनाएको छ ।

यो सँगै उपमहानगरको १९ वटै वडाहरू बालमैत्री स्थानीय शासनयुक्त हुने भएका हुन् । सबै वडाहरू बालमैत्री घोषणा भएसँगै हेटौंडा उपमहानगरपालिका १ फागुनमा बालमैत्री नगर घोषणा हुँदैछ । "बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी" भन्ने मूल नाराका साथ बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको हो ।

हेटौंडा १४ का वडाध्यक्ष एवमरू बालमैत्री स्थानीय शासनयुक्त बडा घोषणा मुल समारोह समिति संयोजक दीपक खड्काले बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न आवश्यक ५१ वटा सूचक पूरा भएसँगै वडालाई निकृष्ट बालश्रममुक्त, बाल विवाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्न लागिएको जानकारी दिए। बालमैत्री घोषणाको लागि तोकिएका ५१ वटा सूचकमध्ये ४७ वटा सूचकमा सतप्रतिशत, बाँकी ४ वटा सूचकमा घोषणाका लागि आवश्यक न्यूनतम प्रतिशत नतिजा हासिल गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने चरणमा आइपुगेको अध्यक्ष खड्काले बताए ।

वडामा बालमैत्री स्थानीय शासन वडा समिति, वडा बाल अधिकार समिति, बालसमूहरू, बालसमूह संजाल, ढोल विकास संस्थाहरू, युवा क्लब, आमा समूह, वन समिति लगायतका विभिन्न सामुदायिक संस्था क्रियाशील छन् ।

'पूर्ण खोप वडा घोषणा पूर्व साक्षर वडा घोषणा, खुल्ला दिसामुक्त वडा घोषणा भई वडालाई नेपाल सरकारको मापदण्डको आधारमा तयार भएको बालमैत्री स्थानीय शासन घोषणा गर्न आवश्यक सूचकहरूमा अभ्यास गरी घोषणाका लागि आवश्यक न्युनतम प्रतिशत नतिजा हासिल गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गर्ने अवस्थामा आईपुगेका छौं' वडाध्यक्ष खड्काले भने ।

घरधुरी तथ्यांक संकलन सर्वेक्षण २०७९ अनुसार १८ वर्ष मुनिका ३ हजार ४ सय ९४ बालबालिका छन् । जसमा एक हजार ३ सय ६७ बालक र एक हजार ३ सय २७ बालिका रहेका छन् ।

कुल बालबालिकाको जनसंख्यालाई आधार मान्दा ४८ दशमलव ४४ प्रतिशत बालिका र ५१ दशमलव ५५ प्रतिशत बालक रहेका छन् । सामुदायिक र संस्थागत गरी बाल विकास केन्द्रसहित ६ वटा विद्यालय सञ्चालनमा रहेको उनले बताए ।

प्रकाशक/सम्पादक:- सरिता दाहाल
समाचार संयोजक:- संझना घिमिरे,
बजार प्रतिनिधि :- गोपिनी दाहाल
मुख्य कार्यालय:- हेटौंडा-५ मकवानपुर
सम्पर्क:- ९८४५४६१३३३
इमेल: saheekhabar333@gmail.com
कम्प्युटर सेटिङ: *सहीखबर साप्ताहिक* डेक्स हेटौंडा-५, मकवानपुर
मुद्रण:-श्रेया अफसेट प्रेस, हेटौंडा-५, सानो पोखरा चोक ।

सम्पादकीय

बालमैत्री स्थानीय शासन


बालमैत्री स्थानीय शासन एक यस्तो अवधारणा हो जसले बालबालिकाको सर्वाङ्गीण विकास र अधिकारको संरक्षणलाई केन्द्रमा राख्दछ। यो शासन प्रणालीले बालबालिकाको सहभागिता, सुरक्षा, स्वास्थ्य, शिक्षा, र विकासका लागि अनुकूल वातावरण सिर्जना गर्ने लक्ष्य राख्दछ। बालमैत्री स्थानीय शासनले बालबालिकालाई नीति निर्माण प्रक्रियामा सक्रिय रुपमा सहभागी गराउँछ र उनीहरुको विचारलाई महत्व दिन्छ। बालमैत्री स्थानीय शासनका केही आधारभूत स्तम्भहरू छन् । बालबालिकालाई स्थानीय तहका नीति निर्माण र निर्णय प्रक्रियामा अर्थपूर्ण रुपमा सहभागी गराउनु जरूरी छ ।

हेटौंडा उपमहानगरपालिकाको १९वटै वडाहरू भोलीबाट बालमैत्री घोषित हुँदैछन् । घोषणा ठुलो सवाल हैन, यसलाई दीगो व्यवस्थापन गरिनु पर्छ । बालबालिकालाई आफ्नो विचार व्यक्त गर्ने, समस्या राख्ने, र निर्णयमा प्रभाव पार्ने अवसर दिनुपर्छ। बालबालिकालाई सबै प्रकारको हिंसा, शोषण, र दुर्व्यवहारबाट सुरक्षित राख्नु बालमैत्री शासनको प्रमुख दायित्व हो। बालबालिकाको स्वास्थ्यलाई प्राथमिकता दिनु बालमैत्री शासनको अर्को महत्वपूर्ण पक्ष हो। बालबालिकालाई स्वस्थ जीवनयापनका लागि आवश्यक पर्ने खोप, पोषण, र स्वास्थ्य सेवाहरु उपलब्ध गराउनुपर्छ। बालबालिकालाई गुणस्तरीय शिक्षा, बालबालिकाको शारीरिक, मानसिक, र सामाजिक विकासका लागि अनुकूल वातावरण सिर्जना गर्नु बालमैत्री शासनको लक्ष्य हो। बालबालिकालाई खेलकुद, मनोरञ्जन, र सांस्कृतिक गतिविधिमा सहभागी हुने अवसर दिनुपर्छ।

बालबालिकाको अधिकारको संरक्षण र संवर्धनका लागि बालमैत्री स्थानीय शासन आवश्यक छ। बालबालिकाको सर्वाङ्गीण विकासका लागि बालमैत्री वातावरण सिर्जना गर्न आवश्यक छ। यसको लागि स्थानीय तहको क्षमता अभिवृद्धि गर्नुपनि आवश्यक छ । बालबालिकालाई स्थानीय शासनमा सहभागी गराउँदै नेतृत्व सिपको विकास गर्नुपर्छ । बालमैत्री शासन कार्यान्वयनका लागि पर्याप्त संसाधनको अभाव हुन सक्छ। यसको व्यवस्थापनमा पनि चासो/चिन्तन गरौं ।

‘मारियम मान्छे भई’ पुस्तक अध्ययनपछि

रमादेवी अधिकारी



सृष्टाका सम्बन्धमा

राधा पौडेल पेशाले नर्स हुन् । लेखन, सामाजिक अभियान सञ्चालनमा विशेष अभिरूचि भएकी उनी मर्यादित महिनावारी अवधारणाको संस्थापक र मर्यादित महिनावारी विषयमा पि.एच.डी. गर्ने पहिलो महिला हुन् । उनका खलङ्गामा हमला (२०६०), अपवित्र रगत (२०६५), सर्जिकल रजोनिवृत्ति (अनुदित२०६८), रोल नम्बर एक (२०६८), मारियम मान्छे भई (२०६९) जस्ता कृति प्रकाशित छन् ।

उनको खलङ्गामा हमला कृतिले २०६० को मदन पुरस्कार प्राप्त गरेको थियो । हाल उनी राधा पौडेल फाउन्डेसन मार्फत मर्यादित महिनावारीलाई विश्वव्यापी अभियानका रुपमा नेतृत्व गर्दै आएकी छन् ।

कृतिको बाह्य संरचना र कथाको सारांश

उपन्यासकार राधा पौडेलको ‘मारियम मान्छे भई’ मुख्य रुपमा महिनावारी विषयमा समेटिएको किशोर उपन्यास हो । यसमा मध्यम वर्गीय मुस्लिम परिवारकी किशोरी (मारियम) को जीवनको घटनालाई नै मुख्य विषयवस्तु बनाइएको छ ।

यसका चार अध्यायसम्म छोरी भएकाले र महिनावारीका नाममा परिवारबाट मारियमले भोग्नुपरेका असमान व्यवहारका घटनाहरु समेटिएका छन् । पाँचौं अध्यायदेखि एघार अध्यायसम्म मारियमले मान्छे बन्न गरिएका संघर्षका घटनाहरु छन् । अन्तिम बाह्रौं अध्यायमा मान्छे बनिसकेको अवस्थाको वर्णन गरिएको छ । यसमा मारियम बाल्यकालदेखि नै घरमा छोरा र छोरीमा गरिने असमान व्यवहारको शिकार बनेकी छन् ।

जब मारियम किशोर अवस्थामा प्रवेश गर्दै जान्छिन् महिनावारी हुने छोरी भएको नाताले उनलाई संस्कारका नाममा अनगिन्ती कुराहरुको पाठ सिकाइन्छ । जुन उनको इच्छा विपरित गर्न लगाइएको छ । महिनावारीका नाममा गरिएका छोरा र छोरीमा गरिने असमान व्यवहारले आफू छोरा सरह स्वतन्त्र रुपमा मान्छे भएर बाँच्न नपाएको अनुभव गर्छिन् । उनको भावना करौले पनि नबुझेपछि उनलाई आफैं मान्छे भएर बाँच्ने र आफू जस्तै पीडित छोरीहरुलाई पनि मान्छे बनाउने निर्णय गर्छिन् ।

त्यसका लागि उनले घर परिवार र समाजमा निकै संघर्ष गर्नु परेको छ । कहिले त्यस लक्ष्यमा पुग्छु जस्तो लाग्छ त कहिले एक्लै अनकन्टार जङ्गलमा हराउँ जस्तो लाग्छ । उनको हरेश खाएको मनस्थितिलाई मलम लगाउने काम रेडियोकर्मी र सामुदायिक नर्सले सहयोग गरेर उनको अभियानलाई साथ दिएका छन् । अन्त्यमा उनलाई सबैको साथ सहयोग र आफ्नो दृढ संङ्कल्पले मान्छे भएर बाँच्न सफल भएकी छन् ।

निष्कर्ष : उपन्यासकार राधा पौडेलको ‘मारियम मान्छे भई’ उपन्यासमा विशेषगरी महिनावारी विभेद नै यसको बीज मानिन्छ । हाम्रो समाजमा धार्मिक र सांस्कृतिक मान्यताको आडमा परापूर्व कालदेखि नै महिनावारीलाई अपवित्र र अशुद्ध मानिदै आएको छ । पूर्खाले बिरालो बाँधेर सराद गरको देखेर भावी सन्ततिले पनि गरेभैं महिनावारीलाई पनि त्यसको यथार्थता नबुझी संस्कृतिको नाममा हालसम्म पनि यस्ता क्रियाकलाप भइरहेका छन् ।

यही महिनावारी विभेदकै कारण मारियमले तह्रिपएर बाँचेको अवस्थाको कारूणिक घटना यसमा देखिन्छ । महिनावारीका समयमा केही महिलाहरुमा शारीरिक र मानसिक समस्या हुने गर्दछ ।

यस्तो समयमा उचित स्याहार तथा सन्तुलित खानाको जरूरथ पर्दछ तर यही समयमा छुन नहुने, यो खान हुने यो खान नहुने जस्ता बन्देज लगाइदिँदा न्यायसङ्गत नहुनुका साथै नकरात्मक असरहरु पनि पर्छन् ।

छोराहरु परिपक्क हुने क्रममा दारजुँवा आएजस्तै छोरीहरु पनि महिनावारी हुनु साधरण र नियमित प्रकृया हो, महिनावारी हुनु भनेको हरेक महिला बच्चा जन्माउन सक्षम हुनु हो, यसैका कारण हामी सबै जन्मिएका हौं र संसार यही प्रकृयाबाट वर्षौंदेखि चलिरहेको छ । यसैले यसलाई अपवित्र र अशुद्ध मानेर विभेद गरिनु गलत अवधारणा हो ।

यस उपन्यासले लैङ्गिक असमानतालाई पनि उठान गरेको छ । छोरीलाई मात्र सबैरै उठेर आमासँगै घरको काममा लगाउनु, निर्णय प्रकृयामा सुविधा नपाउनु, खाने र लगाउने कुरामा पनि असमानता देखिनु, महिनावारी भएकी दिदीलाई छोएको निउमा भाइलाई नुहाएर चोख्याउनु, बुबाले महिनावारी हुँदा लगाएको कपडा छुँदा पवित्र हुन भगवानसँग क्षमा मान्न गएको अवस्थालगायतका घटनाहरुलाई हेर्दा छोरी मान्छेलाई तल्लो दर्जामा राखेर व्यवहार गरेको देखिन्छ ।

जसका कारण मारियम छोराहरुको जस्तो जीवन जिउन नपाएर विक्षिप्त भएकी छन् साथै पुरूषहरुको जस्तै स्वतन्त्र जीवनको अभिलाषा राखेकी छन् । यसमा पात्र चयनका आधार मा इस्लाम संस्कारको घटनाको आकलन गर्न सकिन्छ तर यसमा प्रस्तुत गरिएको घटनाक्रम हेर्दा हिन्दु संस्कृति जस्तै देखिन्छ । इस्लाम समुदायमा पनि हिन्दुका जस्तै लैङ्गिक असमानताका साथै महिनावारी विभेद हुने गरेका छन् या फरक छन् भन्ने बारे केही अस्पष्टता देखिन्छ । फरक संस्कृति भए सोही बमाजिम घटना प्रस्तुत गरेको भए कथानक थप रोचक हुने थियो ।

उपन्यासमा प्रस्तुत गरिएको घटनाक्रम हेर्दा गाउँको मध्यम वर्गीय पारिवारिक परिवेश जस्तो अनुमान गर्न सकिन्छ । गाउँमा परिवार तथा समाजले यो हाम्रो संस्कृति हो निरन्तरता दिनुपर्छ भन्दै मारियम जस्तै किशोरीहरुलाई बाध्यात्मक रुपमा यस्ता विभेद गरिरहेको देखिन्छ ।

यसमा धेरै छोरीहरुको कथालाई उजागर गरिएको छ । केही यसबाट उत्रिन सकेका छन् भने केही समस्यासँग जुधिरहेका छन् । यस कृतिको अध्ययन गरिरहँदा हरेक किशोरीले आफैंले भोगेको समस्याको स्मरण गराउँछ । यस समस्या नभोगेका किशोरीहरुका लागि पनि रोचक कथा हुनेछ ।

यसमा जन्मेदेखि नै छोरा र छोरीमा गरिने व्यवहारका साथै महिनावारीका नाममा किशोरी तथा महिलाले भोगेका कारूणिक घटनालाई स्पष्ट रुपमा देखिन्छ । यसको मुख्य उद्देश्य महिनावारीलाई सामाजिक संस्कारको आडमा विभेद गरियो भने त्यसबाट विभिन्न असरहरु देखिन्छन् भन्ने कुरा देखाउन खोजिएको छ साथै कतैबाट पनि उठान नगरिएको सामाजिक र धार्मिक रुपमा उपेक्षा गरिएको महिनावारीको विषयलाई समेटेर त्यसको भ्रम निभारण गर्दै समाज परिवर्तन गर्ने उद्देश्य पनि रहेको छ ।

समाजका सामाजिक कुसंस्कारहरु हुर्कदै गरेकी किशोरलाई पढाउँदा सकरात्मक भन्दा नकरात्मक असर बढी पर्छ भन्ने कुरा थाहा हुन्छ । यस्तै कुनै उद्देश्य लिएर हिँड्दा आइपर्ने समस्याहरुसँग जुध्दै अघि बढ्नु पर्छ भन्ने सन्देश पनि दिएको छ ।

यसमा नवीतम् कथावस्तु, कथानकमा पाँचवटाको विन्यास छ तर यसमा कार्यकारण सम्बन्धमा आधारित घटनाहरुले पाठकका मनमा कुतूहलता सिर्जना गर्दै पहिलो घटनाबाट दोस्रो, तेस्रो गर्दै अन्तिममा पूर्ण सन्तुष्टिको अवस्था प्राप्त गरेको घटनालाई देखाएर अघि बढ्न कथानक केही चुकेको देखिन्छ ।

मुख्य पात्र प्रगतिशील भूमिका, सहायक पात्र रेडियोकर्मी अमिलेख र नर्स (अनुकूल पात्र)को भूमिकाले हरेश खाएकी मारियमलाई लक्ष्यमा पुग्न उल्लेखनीय सहयोग गरेको र अन्य पात्रहरुले पनि कथालाई न्याय गरेका छन् । साधारण बोलिचालीको भाषा प्रयोग गरिएकाले सरल र सहज भाषा, तृतीय पुरूष आत्मपरक शैलीमा आख्यानीकरण गरिएको यो उपन्यास सबैखाले पाठकका लागि पठनयोग्य कृति बनेको छ ।

पदमपोखरीमा साँस्कृतिक महोत्सवको तयारी पुरा

○ सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडा १३ पदमपोखरीमा साँस्कृतिक महोत्सव हुने भएको छ ।

हेटौंडा उपमहानगरपालिका १३ नम्बर वडा कार्यालयको आयोजनामा ३ दिने प्रथम पदमपोखरी साँस्कृतिक महोत्सव हुने भएको हो ।

वडा कार्यालयले बुधबार पत्रकार भेटघाट मार्फत आगामी फागुनको ४ गतेदेखि ६ सम्म पदमपोखरीको लोकतान्त्रिक चोकमा महोत्सव हुने जानकारी दिइएको हो ।

स्थानीय व्यापार, कृषि उपज उत्पादनको प्रवर्द्धन गर्ने उद्देश्यले महोत्सव आयोजना गर्न लागिएको वडा सदस्य तथा महोत्सव मूल समारोह समितिकी संयोजक रन्जु गेम्जाले जानकारी दिइन् ।

महोत्सवले वडाबासीको आर्थिक स्थितिलाई समेत उकास्ने तथा पदमपोखरीको पहिचानसँगै आन्तरिक पर्यटनलाई टेवा पुर्याउने, कला, साहित्य तथा संस्कार, संस्कृति जगेर्ना गर्न सहयोग पुग्ने उनले बताइन् ।

नेपाली राष्ट्रिय मौलिकतालाई झल्कने गरी राष्ट्रिय तथा स्थानीय कलाकारहरूको प्रस्तुती, स्थानीय परम्परागत उपभोग्य कृषि उपज मकैको खोस्टाबाट बनेको चकटी, बाबियो /बाँसजन्य सामग्री मान्द्रो, नाङ्लो र परालबाट बनेको गुन्द्री, काठजन्य सामग्री, कृषिजन्य उत्पादन तरकारी, फलफूल, मकै, कोदो, फापर, गहुँ चामलको पिठो महोत्सवको आकर्षण रूपमा रहने बताइएको छ । महोत्सवमा खानाका विभिन्न परिकारसहित ८० वटा स्टलहरू रहने छ ।

महोत्सवमा रोज मोक्तान, प्रिति आले, प्रकाश तितुङ, बिक्रम लुङबा, धिरेन लामालगायत कलाकारहरूको सांगीतिक प्रस्तुती रहने छ ।

१३ नम्बर वडाको ४ लाख रूपैयाँ, हेटौंडा उपमहानगरपालिकाको ३ लाख रूपैयाँ र बागमती प्रदेश सरकार संस्कृति तथा पर्यटन मन्त्रालयबाट १ लाख रूपैयाँ गरी कुल ८ लाख रूपैयाँको सहयोगमा महोत्सव आयोजना गर्न लागिएको वडा अध्यक्ष पेम्बा लामाले जानकारी दिए ।



स्वच्छ वातावरण स्वस्थ्य शरिर, बिरुवा रोपौं,
वातावरण स्वच्छ र हराभरा राखौ । पानीको
मुहान/स्रोत संरक्षण गरौं ।

● सहीखबर साप्ताहिक

हेटौंडामा दोस्रो राष्ट्रिय नवसर्जक उत्सव हुने



○सहीखबर संवाददाता

मकवानपुर । मकवानपुरको हेटौंडामा राष्ट्रिय नवसर्जक उत्सव हुने भएको छ । नवसर्जक उत्पादन तथा पठन तथा लेखन संस्कृतिको विकास गर्ने उद्देश्य उत्सव आयोजना गर्न लागिएको हो ।

आयोजक नवसर्जक साहित्य चौतारी नेपालले सोमबार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गरी आगामी ९ र १० फागुनमा हेटौंडामा राष्ट्रिय नवसर्जक उत्सव तथा प्रथम अधिवेशनको हुने जनाकारी दिएको छ ।

कार्यक्रममा हेटौंडा ४ का वडाध्यक्ष नवीन सिग्देलले साहित्य क्षेत्रमा नयाँ पुस्तालाई जोड्न उत्पादन र आकर्षण गर्ने उद्देश्यले आयोजना गर्न लागिएको नवसर्जक उत्सव कार्यक्रम निकै फलदायी हुने बताए ।

२८ जेठ २०७७ मा पहिलो पटक बाल उत्सव कार्यक्रम आयोजना गरेको नवसर्जक साहित्य चौतारी नेपालले यस वर्ष नवसर्जक उत्सव कार्यक्रम आयोजना गर्न लागिएको संस्थापक तथा संरक्षक दीपक गौतमले जानकारी दिए ।

'फागुन ९ गते सिर्जनात्मक लेखन कार्यशाला तथा फागुन १० गते बहस, स्रष्टा सम्मान, राष्ट्रव्यापी गजल प्रतियोगिता तथा रचना वाचन कार्यक्रम हुने छ' उनले भने ।

पहिलो दिन ९ फागुनमा हेटौंडा स्थित भुठनदेवी माध्यमिक विद्यालयमा ८ विधामा सिर्जनात्मक लेखन कार्यशाला हुने उनले बताए ।

३ घण्टा सञ्चालन हुने कार्यशाला अन्तरगत मुक्तक लेखन, गजल लेखन, लोक लयमा कविता लेखन, गद्य कविता लेखन, कथा लेखन, नाटक लेखन, निबन्ध (यात्रा संस्मरण) लेखन र चित्रकला हुनेछ । यसैगरी १० फागुनमा हेटौंडा ११ शहीद स्मारकमा नवप्रतिभा प्रवर्धनमा विद्यालय र स्थानीय सरकारबीच बहस हुनेछ ।

सोही दिन राष्ट्रव्यापी नवसर्जक (२५ वर्ष मुनिका) गजल प्रतियोगिता समेत आयोजना हुने गौतमले जानकारी दिए । गजल प्रतियोगितामा उत्कृष्ट ३ जनालाई नगद ७ हजारसहित प्रमाणपत्र प्रदान गरिने छ ।

त्यसैगरी ७ प्रदेशका ७ नवसर्जक प्रतिभालाई नगद ७ हजार ७ सय ७७ रूपैयाँसहित प्रादेशिक नवप्रतिभा सम्मान, एकजना अग्रज बालसाहित्य सर्जक/अभियन्तालाई नगद १५ हजार ५ सय ५५ रूपैयाँसहितको लोकनाथ न्यौपाने स्मृति अग्रज बालसाहित्य सम्मान समर्पण गरिने छ भने नवसर्जक मुक्तक वाचन समेत हुनेछ ।

यस्तै ७ प्रदेशका नवसर्जक प्रतिभाका रचना वाचन, संस्थासँग जोडिएका २५ वर्षमुनिका कृति प्रकाशन गर्ने नवसर्जकलाई कृति प्रकाशन सम्मान समेत प्रदान गरिने कार्यक्रम रहेको उनले जानकारी दिए । उत्कृष्ट प्रदेश समिति पुरस्कार, नवप्रतिभाका सांस्कृतिक नृत्य तथा गायन र प्रथम केन्द्रीय अधिवेशन गरी कार्यक्रम समापन गरिने उनले बताए ।

कार्यक्रममा ३५० जना विद्यार्थी र ५० जना शिक्षकको सहभागिता रहने बताइएको छ । उत्सवको लागि ४ लाख खर्च हुने आयोजकको अनुमान गरेको छ । नवसर्जक उत्सवको लागि हेटौंडा उपमहानगर पालिका, हेटौंडा ४ नम्बर वडा कार्यालय तथा भुठनदेवी माध्यमिक विद्यालयको व्यवस्थापन रहेको आयोजकले जनाएको छ ।

हार्दिक बधाइ

प्रेस चौतारी मकवानपुरको ९ औं अधिवेशनबाट गरिमामय **अध्यक्ष** पदमा सर्वसम्मत निर्वाचित अध्यक्ष सरिता दाहाललगायत सबैमा हार्दिक शुभकामना व्यक्त गर्दछौ ।

मकवानपुर बहुखुमी क्याम्पस परिवार



वैदिक संस्कृत गुरूकूललाई रूद्रप्रसाद,विष्णुकुमारी स्मृति पुरस्कार

◯ सहीखबर संवाददाता



मकवानपुर। मकवानपुरको हेटौंडामा रहेको वैदिक संस्कृत गुरूकूललाई रूद्रप्रसाद/ विष्णु कुमारी स्मृति पुरस्कार प्रदान गरिने भएको छ ।

हेटौंडा १८ हर्नामाडी तूलोदमारमा रहेको वैदिक वानप्रस्थ आश्रम संस्कृत गुरूकूललाई उक्त पुरस्कार प्रदान गरिने भएको हो ।

रूद्रप्रसाद/विष्णुकुमारी रिजाल स्मृति पुरस्कार कोषले हरेक २/२ प्रदान गर्दै आएको ५० हजार रूपैयाँ नगद राशीको उक्त पुरस्कार यसबर्ष आश्रमलाई दिने निर्णय गरेको कोषका संयोजक आरसी रिजालले जानकारी दिए ।

हेटौंडा ४ मा रहेको कोष संयोजक रिजालले आगामी चैत महिनामा पुरस्कार प्रदान गरिने बताए । यसअघि उक्त पुर स्कारबाट आँचल साहित्य कलापुञ्ज मकवानपुर र नवसर्जक साहित्य चौतारी सम्मानित भएका छन् । १५ जना दलित समुदायका विद्यार्थी अध्ययनरत आश्रममा २० जना विद्यार्थी आश्रित छन् ।

चितवनमा 'गजलमा प्रणय'

भरतपुर, चितवन । चितवनको भरतपुरमा 'गजलमा प्रणय' कार्यक्रम हुने भएको छ । गजल मञ्च चितवनले प्रणय दिवसको अवसरमा उक्त कार्यक्रम गर्ने भएको हो।

हरेक वर्ष १४ फेब्रुअरीमा मनाइने प्रेम दिवस (भ्यालेन्टाइन डे) का दिन आगामी ३ फागुन शनिबार भरतपुर ११ स्थित आरम्भ कलेजमा कार्यक्रम गर्न लागिएको गजल मञ्च चितवनका अध्यक्ष रामकृष्ण अनायासले जानकारी दिए ।

उनका अनुसार कार्यक्रममा चितवन, मकवानपुर, नवलपरासी, तनहुँलगायतका जिल्लाका गजलकारहरूले गजलवाचन गर्ने छन् । 'नयाँ तथा पुराना पुस्ताका गजलकारहरुको विशेष जमघट र हने कार्यक्रममा २० जना मन्दा धेरै गजलकारहरुले प्रणयरसमा लेखिएका गजलहरु सुनाउनु हुने उनले बताए ।

गजल श्रवण गर्न धेरै स्रोताको उपस्थिति रहने अपेक्षा समेत गरिएको अनायासले जानकारी दिए ।

कार्यक्रममा सरला जोशी, यमुना न्यौपाने, गिरिराज अधिकारी, तीर्थराज सुवेदी, रूबिन पौडेल, लीला दाहाल अधिकारी, रिवाज अर्याल, विकास बराल, सुरेन्द्र अस्तफल, विद्या भण्डारी चिराग, विष्णु तिवारी उषाको गजल वाचन रहने छ ।

यसैगरी परिविक्रम, एसआर दुवाडी, रामलाल कुमाल, सुवास सजल, सगर तिमिल्सिना, सरगम पारू, मसान उपासक, गौरी कँडेल, भानु सापकोटा, सुमन कडरीया, प्रविण काफ्ले, ध्रुव सञ्ज्याल, प्रेमप्रसाद कँडेल र बालकृष्ण पौडेललगायतका सदस्यहरूको गजल वाचन रहने छ ।

कार्यक्रम आयोजना गर्न सम्पूर्ण किताब नारायणगढ, आर म्भ कलेज भरतपुर, कनेक्ट एजुकेसन एन्ड माइग्रेसन चितवन, इन्नोभेटिभ एसोसिएट्स, चितवन लेक्स नारायणगढ, एक्सपर्ट एजुकेसन एन्ड मिजा सर्भिसेस चितवन र प्रकृति फर्निसिङ ग्यालरी भरतपुरले सहयोग गर्ने उनले बताए । यस्तै कार्यक्रमको मिडिया पार्टनर कायाकैरन मिडिया नेटवर्क प्रालि रहेको छ ।

बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं

नेपालको कानूनले विवाह गर्दा केटा र केटी दुबैको उमेर २० वर्ष पुरा भएको हुनुपर्ने व्यवस्था गरेको छ । त्यसैले २० वर्षभन्दा कम उमेर मै विवाह गर्नु / गराउनु अपराध हो । बाल विवाह गर्ने गराउने र सहभागी हुने सबैलाई कानूनले कारबाहीको दायरामा ल्याएको छ ।

मुलुकी अपराध संहिता २०७४ अनुसार:

विवाह गर्ने व्यक्तिको उमेर वर्ष २० नपुगी कसैले विवाह गर्न वा गराउन हुदैन (दफा १७३) ।यसो गरेमा ३ वर्षकैद र ३० हजार रुपियाँसम्म जरिवाना हुनेछ । विवाह गर्न पुरा हुनु पर्ने उमेर पुरा नभएको व्यक्तिले दिएको मञ्जुरीलाई मञ्जुरी मानिने छैन । **त्यसैले** बालबालिकालाई शिक्षा प्रदान गरौं, भोलीको भविष्य सुन्दर बनाउन योगदान गरौं । सबै जिम्मेवार बनौं, बालमैत्री व्यवहार अबलम्बन गरौं, बालमैत्री स्थानीय शासन लागु गर्नको लागि अनिवार्य सर्तहरु पुरा गर्न आफ्नो स्थानबाट लागिपरौं । बालबालिकालाई विवाह होइन, शिक्षा प्रदान गरौं ।

दिपक खड्का अध्यक्ष

१४ नम्बर वडा कार्यलय

हेटौंडा उपमहानगरपालिका

बाल विवाह नगरौं

नेपाल सरकारबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेकाहरुले आर्थिक वर्ष २०८१/०८२ मा भत्ता प्राप्त गर्न २०८१ साल साउन १ गतेदेखि २०८१ भदौ मसान्तसम्म परिचय पत्र नविकरण गराउनु भएकोमा मिति २०८१ पुस मसान्तसम्म राष्ट्रिय परिचय पत्र तथा पञ्जिकरण विभागबाट अनिवार्य बायोमेट्रिक गराउन जानकारी प्राप्त भएकोले यसअघि बायोमेट्रिक नगरी नविकरण गराउनु भएको भए २०८१ पौष मसान्तसम्म वडा कार्यालयमा उपस्थित भइ बायोमेट्रिक गराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

उल्लेखित समय भित्र सम्पर्क गरी बायोमेट्रिक नगराउनु भएमा सामाजिक सुर क्षा भत्ता प्राप्त नहुने समेत यसै सूचनाद्वारा सूचित गरिन्छ ।

१७ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर

घटना दर्ता सम्बन्धी सूचना

व्यक्तिगत घटना दर्ता के हो ? किन अनिवार्य दर्ता गराउनुपर्छ ?

व्यक्तिगत घटना दर्ता भनेको प्रत्येक व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटनाहरूको औपचारिक रूपमा दर्ता गरिने कार्य हो । यस्ता घटना दर्ता गर्नु / गराउनु प्रत्येक व्यक्तिको कर्तव्य हो भने जन्म दर्ता बालबालिकाको मौलिक अधिकार हो । यो व्यक्ति पहिचानको पहिलो आधार भएकाले नेपाल सरकारले अनिवार्य गरेको छ । यस्ता घटना घटेको ३५ दिनभित्र नि: शूल्क रूपमा दर्ता गर्न सकिन्छ । राज्यको कुल जनसंख्याको अद्यावधिक विवरण सहितको तथ्याकको जानकारी सही रूपमा प्राप्त गर्न सकिन्छ ।

सबै प्रकारका व्यक्तिगत घटना कहाँ र कहिले दर्ता गराउनु पर्दछ ?

व्यक्तिगत घटना व्यक्तिको स्थायी ठेगाना रहेको स्थानीय पञ्जीकाधिकारीको कार्यालय (वडा कार्यालय) मा र घटना घटेको स्थानको स्थानीय पञ्जिकाधिकारीको कार्यालयमा ३५ दिनभित्र नि:शूल्क र त्यसपछि बिलम्ब शूल्क रु २००/- तिरी दर्ता गराउन सकिन्छ ।

घटना दर्ता गर्न कसलाई सूचक राख्ने ?

जन्म, मृत्यु र बसाई सराई घटना दर्ताको लागि सूचकको रूपमा परिवारको १८ वर्ष उमेर पुगेको सदस्य रहन सक्छन्। विवाह दर्ता गर्न पति र पत्नी दुवै आवश्यक पर्दछ। सम्बन्ध विच्छेद दर्ताको हकमा पति वा पत्नी मध्ये एक सूचक रहन सक्छन् ।

व्यक्तिगत घटना (दर्ता गर्ने) ऐन २०३३ जारी हुनु भन्दा अघि घटेका घटना कसरी दर्ता गराउन सकिन्छ ?

जन्म, मृत्यू तथा अन्य पटना (दर्ता गर्ने) ऐन, २०३३ जारी भइ सम्बन्धित जिल्लामा लागू हुनु भन्दा अघिको घटना दर्ता गरी प्रमाण पत्र जारी गर्न मिल्दैन । यस्ता घटनाको हकमा व्यक्तिले सम्बन्धित वडा कार्यालयमा गई वडा अध्यक्षबाट घटना प्रमाणित गराउन सक्दछन् ।

व्यक्तिगत घटना दर्ता गर्न किन सूचकको नागरिकताको प्रमाणपत्र आवश्यक पर्दछ ?

सबै प्रकारका व्यक्तिगत घटना दर्ता गर्न, सूचक आधिकारिक र जिम्मेवार हुनुपर्ने भएकाले सथकको स्पष्ट परिचय, उमेर खुले प्रमाणका रूपमा नागरिकताको प्रमाणपत्र आवश्यक पर्ने हुन्छ ।

व्यक्तिगत घटना दर्ताको अभिलेख नभएमा कसरी नक्कल दिन सकिन्छ ?

व्यक्तिगत घटना दर्ताको अभिलेख वडा कार्यालयमा नभएको अवस्थामा सो घटना दर्ताको सूचना फाराम या प्रमाणपत्रको प्रतिलिपि अन्यत्र कुनै निकायमा रहेमा सो को आधारमा अभिलेख तयार गर्न सकिन्छ वा नियमावलीको नियम २१ को उपनियम ४ को प्रावधान बमोजिम प्रतिलिपि खडा गर्न सकिने व्यवस्था रहेको छ ।

व्यक्तिगत घटना दर्ताको प्रतिलिपि माग गरेमा कसरी प्रदान गर्ने ?

घटनासँग सम्बन्धित व्यक्तिले निवेदन दिई व्यक्तिगत घटनाको प्रतिलिपि माग गरेमा वडा कार्यालयमा रहेको अभिलेखको आधारमा रूजु गरी स्थानीय पञ्जिकाधिकारीले प्रतिलिपि जारी गर्न सक्छन् ।

घटना दर्ता गर्न स्थानीय तहको वडा कार्यालयको दायित्व के रहन्छ ?

राष्ट्रिय परिचयपत्र तथा ऐनले सबै वडा कार्यालयहरुलाई स्थानीय पञ्जीकरण कार्यालय र वडा कार्यालयको प्रशासकीय प्रमुखलाई स्थानीय पञ्जीकाधिकारीका रूपमा काम काज गर्न तोकेको छ। त्यसैले सबै प्रकारका व्यक्तिगत घटना दर्ता गराउँदा व्यक्तिलाई सूचना फाराम भर्न लगाउने, आवश्यक कागजपत्र माग गरी रुजु गर्ने, नियमानुसार घटना दर्ता गर्ने, अभिलेख राख्ने, प्रमाणपत्र जारी गर्ने तथा प्रतिवेदन पेश गर्नुपर्ने दायित्व सम्बन्धित वडा कार्यालयको हुन्छ।

रामकृष्ण थापा अध्यक्ष

८ नम्बर वडा कार्यालय

हेटौंडा उपमहानगरपालिका मकवानपुर

सहीखबर
समाचार/विविध
www.saheekhabar.com
२०८१ माघ २४ विहीबार,
जि.प्र.का.मकवानपुर दर्ता नं. ११९/२०६९/०७०

राष्ट्रिय बुद्धिचाल च्याम्पियनसिपको उपाधि रुपेश र सिन्दिराको कब्जामा

○ सहीखबर संवाददाता



मकवानपुर / नेपाल बुद्धिचाल महासंघको आयोजनामा ११ चरणको राउण्ड रोविन प्रतिस्पर्धा सहित सम्पन्न भएको राष्ट्रिय बुद्धिचाल प्रतियोगिताको पुरुषतर्फ एफएम रूपेश जैसवाल र महिलातर्फ सिन्दिरा जोशी च्याम्पियन बनेका छन् ।

हेटौंडामा एक सातासम्म चलेको बुद्धिचाल प्रतियोगितामा रौतहटका रूपेश जैसवाल ९ अंक जोडेर २५औं राष्ट्रिय चेस च्याम्पियन बनेका हुन्। उनको यो दोस्रो राष्ट्रिय उपाधि हो।

पेशले चौथो वरियतावाट खेल प्रारम्भ गर्दै सात जीत, चार बराबरी खेले। उनले आफ्नो व्यक्तिगत रेटिङ २०९३ वाट खेल सुरू गरेर ३०.३ रेटिङ बढाएका छन्। समग्रमा उनको उत्कृष्ट रेटिङ पर्फमेन्स ३३११ रह्यो।

युवा पुरूषोत्तम सिलवाललले टाइब्रेकरका आधारमा दोस्रो बन्दै प्रतिस्पर्धा अन्त्य गरेका छन्। वतर्मान नेपाल च्याम्पियन राजन सुवेदीसँग समान ८.५ अंक बनाएका पुरूषोत्तमको ३७.२५ टाइब्रेक प्वाइन्ट र राजन ३६.२५ मा सिमित भए। झापाका राजन तेस्रो स्थानमा अडिए।

मकवानपुरका एफएम क्षितिज भण्डारीले ८ अंक बनाइ चौथो स्थान प्राप्त गरेका छन्। दोलखाका आशिष् फूँयाल ७ अंक जोडेर पाँचौ स्थानमा रहे। झापाका सिएम शुश्रुत दहाल ६.५ अंक सहित सातौं, काठमाडौंका एफएम रिजेन्द्र राजभण्डारी ६ अंक आठौं, प्रेमकृष्ण महर्जन नवौं र ललितपुरका सुरोज महर्जन दशौं भए।

त्यसैगरी १०औं महिला राष्ट्रिय वुमन च्याम्पियन सिन्दिरा जोशीले ९ अंक बनाएकी छिन्। उनले उत्कृष्ट खेल खेली उपाधि जोगाउन सफल भएकी छिन् ।

यस्तै लामो समय चेस खेलमा व्यतीत गरेकी पुनम प्रसाईंले ८ अंक जोडेर दोस्रो भएकी छिन्। निकै कडा प्रतिस्पर्धामा झापाका पुनमले टाइब्रेक प्वाइन्ट ३८.७५ प्राप्त गरि दोस्रो भइन्।

बाँकेकी इशा गिरीले ८ अंक टाइब्रेक प्वाइन्ट ३६.२५ का आधारमा तेस्रो स्थान हासिल गरेकी छन्। उदीयमान इशाले पहिलो प्रयासमा नै नेपाल तृतीय बनेकी हुन्। काठमाडौंका एञ्जल महर्जनले समान ८ अंक जोडेर चौथो स्थानमा रहने क्रममा अप्रत्याशित उत्कृष्ट खेल प्रदर्शन गर्दै ३५ टाइब्रेक प्वाइन्ट बनाइन्।

यसैगरी मोरङ्का शान्ति घिमाल ७.५ अंक सहित पाँचौं, झापाका कृतिसारा अधिकारी ६.५ अंकमा छैठौं, किर्तिपुरका बिनिता कपाली ६ अंक प्राप्त गर्दै सातौं, बारा जिल्लाका शुशिला गुरूङ ५.५ अंक आठौं, चितवनका लक्ष्मी कँडेल नवौं र काठमाडौंका निहाना श्रेष्ठ दशौं भए।

हार्दिक बधाइ

हाम्री प्यारी बहिनी सरिता दाहाल

प्रेस चौतारी मकवानपुरको ९ औं अधिवेशनबाट गरिमामय **अध्यक्ष** पदमा सर्वसम्मत चयन हुनु भएकोमा धेरै धेरै शुभकामना व्यक्त गर्दछौं । मकवानपुर जिल्लाको पहिलो महिला बनेर इतिहास कायम गर्नुभएकोमा सफल र उदाहरणीय कार्यकालको लागि शुभकामना । उहाँको कार्य समितिका सबै पदाधिकारी र सदस्यहरूमा समेत शुभकामना व्यक्त गर्दछौं ।



कुमारी वाइबा
हिमराइट्स
मकवानपुर

माया तामाङ
माइती नेपाल
मकवानपुर

हेटौंडा १५ नम्बर वडा बालमैत्री घोषित

○सहीखबर संवाददाता

मकवानपुर । हेटौंडा उपमहानगरपालिकाको १५ नम्बर वडा बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा भएको छ । मंगलबार वडालाई बालमैत्री घोषणा गरिने गरिएको हो ।

"बालबालिकामा लगानी सुनिश्चित भविष्यको थालनी" भन्ने मुल नाराका साथ नगर प्रमुख मिना कुमारी लामाले वडालाई मंगलबार वडालाई निकृष्ट बालश्रममुक्त, बाल विवाहमुक्त, बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरेकी हुन् । बालमैत्री वडा घोषणा गर्न तोकिएका ५१ वटा सूचक पूरा भएसँगै वडालाई मंगलबार बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको वडाध्यक्ष सुनिल मुक्तानले बताए ।

तोकिएका ५१ वटा सूचक मध्ये ४५ वटा १०० प्रतिशत, ३ वटा ९७ प्रतिशत, २ वटा ९० प्रतिशत र १ वटा सूचक ८१ प्रतिशत नतिजा हासिलसँगै बालमैत्री वडा घोषणा गर्न गरिएको हो । घरधुरी सर्वेक्षण २०७९ अनुसार वडामा २ हजार ३ सय ४५ घरधुरी रहेको छन् । यसैगरी वडामा ५ हजार ४ सय १६ महिला, ५ हजार ५ सय ६१ पुरूष, लैंगिक अल्पसंख्याक २ जना समेत गरी जम्मा जनसंख्या १० हजार ९ सय ७९ रहेका छन् ।

यस्तै १ हजार ६ सय २४ बालक र १ हजार ५ सय ५७ बालिका गरी ३ हजार १ सय ८१ बालबालिका रहेको वडामा सामुदायिक, संस्थागत विद्यालय र बाल विकास केन्द्रसहित १० वटा विद्यालय सञ्चालन रहेको उनले जानकारी दिए । २४ वटा बाल



समूह र वटा बाल सञ्जाल क्रियाशील रहेकोमा ६ सय जना बालबालिका आबद्ध छन् । यसका साथै विभिन्न संरचनागत समितिमा गरी ६ सय ४७ जना बालबालिका प्रत्यक्ष सहभागीता रहेको बताइएको छ ।

२६ मंसिर, २०७९ सरोकार वालाको उपस्थितिमा प्रतिबद्धता जाहेर गर्दै वडाले उक्त अभियान सुरू गरेको थियो । तत्पश्चात अभियानलाई आत्मासात गर्दै कार्यान्वयनको लागि प्रत्येक विद्यालय, टोल, समुदायहरूमा विभिन्न सचेतनामूलक कार्यक्रमहरू संचालन गर्दै आएको वडाध्यक्ष मुक्तानले जानकारी दिए ।

'नेपाल सरकारले निर्धारण गर`का बाल अधिकारका महत्वपूर्ण पक्षहरू बालबचाऊ, बालसंरक्षण, बालविकास, र बालसहभागिता साथै यसको लागि संस्थागत विकासका समेत गरि जम्मा ५१ वटा सूचकहरू पूरा गर्दै बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा चरणमा पुगिएको उनले बताए ।

'सूचक प्राप्तिको सन्दर्भमा सरोकारवाला निकायहरूसँग अन्तरक्रिया, अनुगमन तथा समीक्षा गरिएकोमा हाल बालमैत्री स्थानीय शासन कार्यान्वयन तथा दिगोपना कायम गर्नको लागि अन्तिम सूचक मापनको प्रतिवेदन, स्थितिपत्र, वडाको पञ्चवर्षीय रणनीतिक योजना समेत तयार भईसकेको छ' उनले भने ।

चौतारी २७ औं स्थापना दिवस विशेष कार्यक्रम

○सहीखबर संवाददाता

मकवानपुर । प्रेस चौतारी नेपाल मकवानपुरले २७ औं स्थापना दिवस मनाएको छ । चौतारीको स्थापना दिवसको अवसरमामा मंगलबार हेटौडामा शुभकामना आदानप्रदान कार्यक्रम गरिएको हो ।

मकवानपुरका सञ्रूचार कर्मीहरूबीच शुभकामना आदानप्रदान गर्दै चौतारीले स्थापना दिवस मनाएको हो । कार्यक्रममा नेकपा एमालेका केन्द्रीय सदस्य एवम् जिल्ला इन्चार्ज रामेश्वर रानाले समाजलाई सम्वृद्धितर्फ ल्याउन प्रेस चौतारी मकवानपुरले उल्लेखनीय भूमिका निर्वाह गर्नुपर्ने बताए ।

'सामाजिक परिवेश बदलिएसँगै नकारात्मक दिशातर्फ लम्किरहेको समाजलाई सही मार्गमा लैजान चौतारीको कलम चल्नुपर्छ' उनले भने । एमालेको मुख्य एजेण्ड समृद्ध भएकोले यसतर्फ पत्रकारको कलम चल्नु पर्ने रानाले बताए ।

चौतारी जिल्ला अध्यक्ष सरिता दाहालको अध्यक्षतामा भएको कार्यक्रममा नेकपा एमाले बागमती प्रदेश किमिटी सदस्य तथा बागमती प्रदेश सरकारका पर्व मन्त्री एकालाल श्रेष्ठले सञ्रूचारकर्मीले चाहेको खण्डमा सामान्यमान्छेको जीवन उकास्रून महत्वपूर्ण भूमिका निर्वाह गर्ने बताए ।

सञ्रूचारकर्मीले समाजका गरिबी, पिछडिएका वर्ग लक्षित कलम चलाउनु पर्ने श्रेष्ठले बताए ।

कार्यक्रममा एमाले प्रचार विभाग प्रमुख उज्वल चौलागाई प्रेस चौतारी नेपालका केन्द्रीय सदस्य धर्मेन्द्र दाहाल नेपाल पत्रकार महासंघ बागमती प्रदेशका अध्यक्ष कृष्ण सारू मगरलगायतले पत्रकारिता क्षेत्र मर्यादितका साथै व्यवसायिक हुनु जरूरी रहेको बताए ।

कार्यक्रममा प्रेस सेन्टर बागमती प्रदेश महासचिव तथा नेपाल पत्रकार महासंघ मकवानपुरका उपाध्यक्ष ध्रुब अधिकारीले सञ्चार संगठनहरू विभाजित हुँदै जादाँ यसले पत्रकारहरूको हित नहुने बताए ।

पत्रकार निकट संस्थाहरूले श्रमजीवि पत्रकारहरूको मुद्दामा साझा धारणा निर्माण गर्न केन्द्रीत हुनुपर्ने उनले बताए । कार्यक्रममा प्रेस युनियन मकवानपुरका अध्यक्ष सुवास बिडारी, स्वतन्त्र पत्रकार संघ नेपाल उपमहासचिव सुरेश श्रेष्ठ मकवानपुरका अध्यक्ष गोकुल अधिकारीले राजनीतिक दलको हावि पत्रकारिता क्षेत्रमा चिन्ताजनक विषाय भएको बताए ।

संस्थागत विकास नभए पत्रकारको अवस्था नसुधिने बताए । प्रेस चौतारी नेपाल मकवानपुर अध्यक्ष सरिता दाहालले समाजमा विचार स्थापना गर्न समाजलाई सशक्त पार्नको लागि मिडियाको तर्फबाट योगदान रहने प्रतिबद्धता व्यक्त गरिन् ।

हेटौंडा १९ को अत्यन्त जरुरी सूचना सूचना सूचना

नेपालको संविधानको भाग ३, मौलिक हकको धारा ३९ मा बालबालिकाको हक सम्बन्धी व्यवस्था भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ तथा बालबालिका सम्बन्धी ऐन, २०७९ समेतलाई कार्यान्वयन गर्न गराउनको लागि यो वडा तत्पर रहेको हुंदा २० बर्ष मुनिका किशोर किशोरीहरुले विवाह गरे गराएमा दुबै पक्ष कानून बमोजिम दण्डनीय भई उक्त २० बर्ष मुनिको विवाह दर्ता नहुने र स्वत: बदर हुने भएकाले आ-आफ्नो तर्फबाट सचेत भई अरुलाई समेत सचेत गराई कानूनको पालना गर्न गराउनको लागि हार्दिक अनुरोध गर्दछौं ।

साथै १४ बर्ष मुनिका बालबालिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै: मोटर ग्यारेज, होटेल, गिट्टी बालुवा ढुवानी आदी) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठनपाठन कार्यमा संलग्न गर्नु गराउनु हुन अनुरोध छ । यदि वडा मित्र माथि उल्लेखित कानून बिरुद्धका कार्यहरु भए गरेमा कानून बमोजिम भइजाने व्यहोरा समेत जानकारी गराइन्छ ।

अध्यक्ष: नरनाथ सुवेदी

१९ नम्बर वडा कार्यालय

हेटौडा उपमहानगरपालिका, मकवानपुर

सडक दुर्घटनाबाट बचौं र बचाऔं

- जेब्राक्रसिङ, सडक चिन्ह र ट्राफिक नियमहरूको पालना गरौं,
- मोटरसाइकलमा हेलमेट, कारमा सीट बेल्ट लगाउन नबिसौं,
- नियमित सवारी साधनको जाँच गरौं,
- मादकपदार्थ सेवन गरेर सवारी नचलाऔं,
- सवारी साधन चलाउँदा मोवाइल प्रयोग नगरौं,
- ट्राफिक व्यवस्थापनमा सहयोग गरौं,
- बालवालिकालाई सडक नियम सिकाऔं र सुरक्षित स्थानमा हिँड्न प्रेरित गरौं ।

नेपाल सरकार

विज्ञापन बोर्ड